## माछा पालनका लागि तालिम

पथरी (उस)/पथरी शनिश्चरे नगरको पशुपक्षी शाखाले नगरका कृषकहरूका लागि माछा पालन सम्वन्धी तीनदिने निःशुल्क तालिम सम्पन्न गरेको छ। वडा नम्वर ६ मा अवस्थित पशुसेवा केन्द्रमा सम्पन्न तालिममा प्रत्येक वडाबाट तीन तीन जना कृषक सहभागी भएको पशुपक्षी शाखा प्रमुख हेमचन्द्र दाहालले बताए।

तालिममा सहभागीलाई माछा पालनका लागि आवश्यक चुना, पोटास, भिअक्ससहितका सामग्री वितरण समेत गरिएको थियो। शाखा प्रमुख दाहालका साथै शाखाका पर्वत शाह र गणेश शिवाकोटीले तालिमको सहजिकरण गरेका थिए।

## चालकको मृत्यु

विराटनगर (उस)/ओखलढुङगाको सिद्धिचरण नगरपालिका-८ सेतीदेवीस्थित सिद्धिचरण राजमार्गमा ट्रक दुर्घटना हुँदा चालकको मृत्यु भएको छ।

काठमाडौबाट रड बोकेर सोलुको बेनीतर्फ जाँदै गरेको बा ३ ख ९६ नम्बरको ट्रक बिहीबार विहान दुर्घटना हुँदा ट्रक चालक दोलखा जिरी नगरपालिका-४ का २५ वर्षीय नवराज कार्कीको घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय ओखलढुङगाले जनाएको छ।

## सहाराले दियो उपचार खर्च

भद्रपुर/ सहारा नेपाल बचत तथा ऋण सहकारी संस्था झापाले 'इन्फ्लुन्जा ए' नामक रोगबाट ग्रसित नरेन्द्रकुमार आचार्यलाई उपचार खर्चवापत १० लाख २५ हजार प्रदान गरेको छ। भद्रपुर नगरपालिका-७ का ४३ वर्षीय आचार्यलाई साकोसको 'जीवन वरदान कार्यक्रम' अन्तर्गत सो रकम प्रदान गरिएको हो।

'इन्फ्लुन्जा ए' नामक रोगबाट ग्रसित आचार्यको काठमाडौको ग्रान्डी अस्पतालमा उपचार भएको थियो। सहाराले आफ्ना सेयर सदस्य गम्भीर वा सामान्य बिरामी भई उपचार गर्नु परे त्यसवापत केही रकम प्रदान गर्दै आएको छ।

आचार्यलाई यसअघि पनि मिर्गौलाको पत्थरीको शल्यक्रिया खर्चवापत ८८ हजार ७ सय २३ सहाराले उपलब्ध गराएको साकोसका कार्यकारी निर्देशक महेन्द्रकुमार गिरीले बताए।

जीवन वरदान कार्यक्रमका संयोजक भक्तबहादुर खड्काका अनुसार सहाराले यो कार्यक्रमवापत हालसम्म आठ करोड ४४ लाख ४६ हजार २ सय ६१ खर्च गरेको छ। कार्यक्रमका २० हजार सदस्यमध्ये तीन हजार ५१ जनाले यो सुविधा प्राप्त गरेको खड्काले जानकारी दिए। (रासस)

## भानु जयन्ती शूक्ष्मरूपमा मनाईंदै

विराटनगर (उस)/ भानुकला केन्द्र विराटनगरले अदिकवि भानुभक्त आचार्यको जन्मजयन्तीमा यसपालि सीमित साहित्यकार तथा अनुरागी कलाकारलाई निम्त्याएर गर्ने भएको छ। केन्द्रले तीन दिने कार्यक्रम गरेपनि भिडभाड नगरी सीमित मानिसहरू बीच गर्ने बताएको छ।

त्रिदिवशीय कार्यक्रम अन्तर्गत असार २७ गते भानुकला केन्द्र र बालकृष्ण पोखरेल समता वाङ्मय प्रतिष्ठानको संयुक्त आयोजनामा बहुभषिक कवि गोष्ठी हुनेछ। कार्यक्रम अन्तर्गत २८ गते दीप प्रज्वलन र २९ गते आदिकबिप्रति श्रद्धाञ्जली तथा माल्यार्पण गरिने केन्द्रकी अध्यक्ष माया पौडेल (आशावादी)ले बताइन्।


**सेफ्टी टैंकी सेवा**

अत्याधुनिक मेशिनद्वारा भित्रैदेखि घोलेर झोल चोक्टासहितको ढल, सेफ्टी टैंकी, हज तथा रिङ सफा गर्नु परेमा सधैं तपाईंको सेवामा हाजिर छौं। अन्य कुनै किसिमको सफाई गराउनु परेमा।

गुलाबचन्द कामत

९८४२०७५७६७/९८१५३२६५५९


# दुहबीका मासु पसल दुर्गन्धित



दुहबी (उस)/ दुहबी नगरपालिकाले बिहिबार बजार अनुगमन गरेको छ। दुहबीको वडा नम्बर ३, ४, ८ र १० का मासु पसल तथा डेरीहरूमा अनुगमन गरिएको हो।

दुहबी बजारका अधिकांश मासु पसल अव्यवस्थित र गैरकानूनी रूपमा सञ्चालन भएको पाइएको छ। अनुगमन समितिका संयोजक एवं दुहबी नगरपालिकाकी उपप्रमुख सुनिता दाहाल साहको नेतृत्वमा दुहबी बजार क्षेत्रभन्दा भित्री ठाउँहरूमा गरिएको अनुगमनमा अधिकांस मासु पसलको दर्ता नगरपालिकामा नभएको तथा दर्ता फेल भइ गैर कानूनी सञ्चालन गरेको पाइएको हो।

त्यस्तै अधिकांश फ्रेस हाउस र मासु पसलहरूमा फोहर भेटिनुका साथै झिंगा भन्किरहेको अवस्थामा अब्यवस्थित ढंगबाट सञ्चालन गरिरहेको पाइएको थियो।

उपप्रमुख सुनिता दाहालले ती मासु पसलेहरूलाइ नियमानुसार सञ्चालन गर्न तथा गैरकानूनी काम नगर्न निर्देशन दिँदै पुनः अनुगमनमा आउँदा यस्तो भेटिए नियमअनुसार जरिवाना कारवाही गरिने बताइन्।

# हरियाली वनको वृत्तचित्र प्रदर्शन

पथरी(उस)/ नेपालकै उत्कृष्ट हरियाली सामुदायिक वन उपभोक्ता समूहको वृत्तचित्र बिहिबार मोरङको पथरीमा प्रदर्शन गरिएको छ।

पथरी शनिश्चरे-२ मा अवस्थित हरियाली सामुदायिक वन विसं २०७६ सालमा नेपालकै उत्कृष्ट घोषणा हुँदै वैज्ञानिक वन व्यवस्थापनमा गणेशमान सामुदायिक वन पुरस्कार प्राप्त गरेको थियो। नेपालको संघीय वन मन्त्रालय अन्तरगत वन विभागले प्रत्येक वर्ष उत्कृष्ट वन घोषणा गर्दछ।

पथरीको हरियाली वनले त्यसअघि पनि शान्त्वना पुरस्कार प्राप्त गरेको थियो। नेपालको प्रथम घोषणा भएपछि सो वनको अध्ययन भ्रमणमा मेचीदेखी महाकालीबाट मानिसहरू आउने गरेका छन्। देशकै उत्कृष्ट सामुदायिक वन हरियालीको ५० मिनेटको वृत्तचित्र 'हरियाली वन' निर्माण भएको छ।

वैज्ञानिक वन ब्यबस्थापन, सामाजिक, भौतिक, विकास, गरिबी निबारणको कामहरू, भावी योजना, त्यहाँ पाइने, जंगली जनावर र रूख विरूवा लगायतको बिषय समेटेर वृत्तचित्र निर्माण भएको हो।

प्रदर्शनपछि सव-डिभिजन वन कार्यालय पथरीका प्रमुख मोहमद अलाउद्दिनले वृत्तचित्र छिमेकी सामुदायिक वनका पदाधिकारीहरू, जनप्रतिनिधिहरू समेत बोलाएर देखाउनु पर्ने बताए।




वन समूका अध्यक्ष काबुलबहादुर मगरले वृत्तचित्र राम्रो बनेको भन्दै निर्माण पक्षको प्रशंसा गरे। वृत्तचित्र पुनः प्रदर्शन गरिने बताए। प्रदर्शन कार्यक्रममा समूहका पूर्व अध्यक्षहरू कर्णबहादुर गुरूङ, देवीप्रसाद भेटवाल, रिता गिरी, वर्तमान पदाधिकारी, सल्लाहकार र दुई सय बढी उपभोक्ताहरू सहभागी थिए।

वृत्तचित्रको स्क्रिप्ट लेखन अर्जुन जम्नेली राई, निर्देशन सन्तोष राई, छायांकन करण धिताल, आवाज प्रस्तुति बबिता राई र दृश्य सम्पादन इश्वर दुलालले गरेका छन्।

वृत्तचित्रमा जंगली जनावर, विभिन्न प्रजातिका चराहरू, कछुवा, सर्पहरू र वैज्ञानिकको आकर्षक दृश्यहरू समेटिएको समूहको कार्यलय सचिव लिला गुरूङले बताए।

समूहले हरियालीकै मातहत रहने गरि हरियाली सामुदायिक वन प्रालि गठन गरेर २० करोडको लगानीमा पर्यटन बिकासको लागि पूर्बाधार निर्माण सुरू गरेको छ।

हरियाली वन, उपभोक्ताहरू, नगरका स्थानीय बासिन्दा, नगरपालिकालाई शेयर रकम संकलन गरेर भौतिक पूर्वाधार निर्माण सुरू गरेको हो। कम्पनीमा पथरी शनिश्चरे नगरपालिकाले चार करोड शेयर लगानी छ। मुख्य सडकसाग जोडिएको हरियाली कम्पनीले आकर्षक छहरा, उद्यान, पौडी पोखरी, डुङ्गा सयर तथा बनभोजस्थल निर्माण गर्दैछ।

# बेलबारीमा मिनिटिलर वितरण



सुन्दरहरैंचा(उस)/ मोरङको बेलबारी नगरपालिकाले किसानलाई मिनिटिलर वितरण गरेको छ।

कृषिलाई यान्त्रिकरण गर्दै कृषि उत्पादन तथा उत्पादकत्व बृद्धि गर्न सहयोग गर्ने उद्देश्यले कृषक तथा समूहलाई ५० प्रतिशत अनुदानमा औजार बितरण गरिएको हो। बेलबारी नगरपालिकाको ५० प्रतिशत तथा कृषकको ५० प्रतिशत साझेदारीमा नगरभित्रका १४ जना किसानलाई मिनिटिलर बितरण गरीएको छ।

परम्परागत खेतिलाई आधुनिक खेतिमा रुपान्तरण गर्दै बिकास गर्न उपकरणहरु बितरण गरिएको नगर प्रमुख ज्ञानेन्द्र सुवेदीले बताए। केही दिन अघि नगरपालिकाले ५ वटा मिनिटिलर र १६ वटा मकै छोडाउने मेसिन बितरण गरेको थियो। त्यसपछि बेलवारीले ९ वटा मिनिटिलर बितरण गरेको हो। किसानलाई बेलबारी नगरपालिका उपमेयर ढाकाकुमारी पराजुली, प्रवक्ता योगेन्द्र सुवेदी, प्रमुख प्रशासकीय अधिकृत प्रदिप शाह लगायतले कृषि औजार बितरण गरेका थिए।




**बिहीबार विहान विराटनगरको बरगाछी चोकमा बटुवाहरूलाई माक्स वितरण गर्दै परिवर्तनका लागि हातेमालो समाजका पदाधिकारीहरू। कोरोना संक्रमण फैलिन नदिन सरकारले अनिवार्य रूपमा माक्स लगाएर हिड्न आग्रह गरेको छ। माक्स नलगाई हिड्नेहरूलाई बोलाएर माक्स वितरण गरिएको समाजका अध्यक्ष विनोद चाहरले बताए।** *तस्वीर : उद्घोष*

## निगुरो टिप्दा ज्यान गयो

विराटनगर(उस)/निगुरो टिप्न जंगल गएका सुनसरीको बराहक्षेत्र नगरपालिका-११ का २८ बर्षीय संजिव मेहेताको लडेर मृत्यु भएको छ।

बिहीबार विहान साथीहरुसँगै कोशी किनारमा निगुरो टिप्न गएकोमा चिप्लिएर कोशीको पानीमा खस्दा घाइते भएका थिए। उनको उपचारको क्रममा गोल्डेन अस्पताल बिराटनगर मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ।

# साउनदेखि टोलटोलमा पढाइ

खोटाङ/ दिप्रुङ चुइचुम्मा गाउँपालिकाले आगामी साउन ७ गतेबाट टोलटोलमा शिक्षक परिचालन गरेर पठनपाठन सञ्चालन गर्ने भएको छ।

कोरोना भाइरसको सङ्क्रमण नियन्त्रण गर्न सरकारले लागू गरेको बन्दाबन्दीका कारण चार महिनादेखि शैक्षिक संस्था बन्द भएपछि टोलटोलमा शिक्षक परिचालन गरेर नियमित पठनपाठन सञ्चालन गर्ने निर्णय गरेको हो।

शिक्षण सिकाइलाई नियमित बनाउन शहरी क्षेत्रमा सञ्चालन गरिएको अनलाइन कक्षा प्रभावकारी नदेखिएकाले आफ्नो क्षेत्रमा टोलटोलमा शिक्षक परिचालन गरेर पठनपाठन शुरु गर्ने निर्णय गरिएको गाउँपालिका प्रमुख भूपेन्द्र राईले बताए।

'पहाडी भूगोल रहेको हाम्रो क्षेत्रमा इन्टरनेटको पहुच छैन', उनले भने, 'लामो समयको बन्दाबन्दीले विद्यार्थीमा पढ्ने बानी हट्दै गएकाले सामाजिक दूरी कायम गर्दै साउन ७ गतेबाट टोलटोलमा पठनपाठन शुरु गर्ने निर्णय गरिएको हो।'

साउन ७ गतेदेखि पठनपाठन शुरु गर्ने निर्णय गरिएसँगै बन्दाबन्दीको कारण आ-आफ्नो घरमा रोकिएर रहेका शिक्षकलाई साउन ३ गतेभित्र अनिवार्यरूपमा गाउँपालिकामा उपस्थित हुन पत्राचारसमेत गरिएको गाउँपालिका प्रमुख राईले बताए। 'बाहिरी जिल्लाका शिक्षकलाई गाउँपालिकामा झिकाएर अनिवार्यरूपमा आरडीटी गरिनेछ', उनले भने, 'आरडीटी गर्दा रिपोर्ट नेगेटिभ आएका शिक्षकलाई मात्र टोलटोलमा परिचालन गरेर पठनपाठन शुरु गर्ने निर्णय गरिएको छ।' गाउँपालिकाभित्रै रहेका शिक्षकको भने आरडीटीसमेत परीक्षण नगरिने गाउँपालिकाले जनाएको छ। साउन ४ गते सबै शिक्षक आफू कार्यरत विद्यालयमा उपस्थित भई आ-आफ्नो विषयको कार्यतालिका बनाउनुका साथै साउन ७ गतेबाट टोलटोलमा पुगेर पठनपाठन शुरु गर्ने जनाइएको छ।

टोलटोलमा पुगेका शिक्षकले विद्यार्थीलाई गृहकार्य गर्न लगाउने, नजानेका कुरामा सहजीकरण गर्ने, आन्तरिक मूल्याङ्कन अद्यावधिकलगायतका क्रियाकलाप गर्ने गाउँ शिक्षा समितिका सदस्य एवं महेन्द्रोदय माविका प्रधानाध्यापक केशवकुमार खड्काले बताए। 'विश्वभर महामारीका रूपमा फैलिएको कोरोना भाइरसका कारण विद्यार्थीमा मनोवैज्ञानिक असर पुगेको छ', उनले भने, "शिक्षक र विद्यार्थीको सम्पर्कका माध्यमबाट विद्यार्थीमा परेको मनोवैज्ञानिक असर न्यूनीकरण गर्दै नियमित पठनपाठन सञ्चालन गर्न टोलटोलमा जाने निर्णय गरिएको हो।'

गाउँपालिकाभित्र सञ्चालित ४८ वटै सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीलाई टोलटोलमा भेला गरेर शिक्षक सिकाइका साथै विभिन्न क्रियाकलापमा सहभागी गराएर पढ्ने बानीको विकास गरिने जनाइएको छ।

सात वटा वडामात्रै रहेको उक्त गाउपालिकाका सबै विद्यालयमा अध्ययनरत विद्यार्थीलाई यसअघि नै निःशुल्करूपमा पाठ्यपुस्तक उपलब्ध गराइएको थियो।

टोलटोलमा परिचालन हुने शिक्षकले अनिवार्यरूपमा मास्क, ग्लोब्स र स्यानिटाइजर प्रयोग गर्नुपर्ने नियम बनाइएको छ। विद्यार्थीको गाउँटोलमै सञ्चालन हुने शैक्षिक क्रियाकलापका लागि २ सय ० जना शिक्षक परिचालन गरिने गाउँपालिकाले जनाएको छ।

बन्दाबन्दीको समयमा सञ्चालन गरिने रेडियो र टेलिभिजनको पढाइभन्दा शिक्षक आफै टोलटोलमा पुगेर गरिने पठनपाठन उपयुक्त हुने गाउँपालिकाको ठहर छ। गाउपालिकाले शुरु गरेको अभियानमा स्थानीय जनप्रतिनिधि, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी तथा अभिभावकले सहयोग गर्ने प्रतिबद्धता जनाएका छन्।

टोलटोलमा सञ्चालन गरिने पढाइको आन्तरिक मूल्याङ्कनमा विद्यार्थीले प्राप्त गर्ने नतिजाको आधारमा उनीहरूलाई अपग्रेट (माथिल्लो कक्षा चढाउने) कामसमेत गरिने गाउपालिका प्रमुख राईले बताए। लामो समयदेखिको बन्दाबन्दीका कारण विद्यार्थीको बिग्रिँदै गएको पढ्ने बानीलाई नियमित गराउदै उपलब्धिसहितको शिक्षण गराएर अपग्रेड गरिने जनाइएको छ। जिल्लाका अन्य स्थानीय तहमा भने अहिलेसम्म कुन उपाय अपनाएर पठनपाठन सञ्चालन गर्ने भन्नेमा कुनै टुङ्गो लागेको छैन। दश स्थानीय तह रहेको जिल्लामा ४ सय ९३ सामुदायिक विद्यालय सञ्चालनमा छन्। (रासस)


**सुन्दरहरैंचा नगरपालिकाको १५ दिने सूचना**

सुन्दरहरैंचा १२ को कित्ता न. २९०२ क्षेत्रफल ०-०-७-० भएको घरको भुईतला लम्बाई २६'४"चौडाई २२'०" उचाइ १८'०" छाडीएको दुरी पूर्व ४'५" पश्चिम २१'२" उत्तर १'९" दक्षिण १'८" तपसिल बमोजिम विवरण भएको ढुंगा, ईटा, सिमेन्टको पक्कि घर निमार्णको घर नक्सा पास गरिपाउँ भनि सुन्दरहरैंचा १२ जग्गा धनी चन्द्रावती कठेतले दिएको निवेदन अनुसार निवेदकको घरको नक्सा पास गरिदिदा साध सधियारहरु लाई कुनै पिर मार्का फरक पर्ने भएमा सुचना प्रकाशित भएको मितीले १५ दिन भित्र निवेदनका साथ सम्बन्धित निकायमा उजुरी गर्न आउनका लागि स्थानिय सरकार सन्चालन ऐन २०७४ को दफा ३१ 'क' बमोजिम यो सुचना जारी गरिएको छ। समयभित्र उजुरी गर्न कोहि पनि नआएमा नियम बमोजिम नक्सा पास भइजाने छ। पछि कसैको उजुरबाजुर लाग्ने छैन।

साधसधियारहरु

उत्तर - गिरिनाथ गुरागाई　　पूर्व - हरिमाया गुरागाई

दक्षिण - गणेश मास्के　　पश्चिम - बाटो



त्रिभुवन विश्वविद्यालय

**महेन्द्र मोरङ आदर्श वहुमुखी क्याम्पस**

विराटनगर, नेपाल

**दरभाउपत्र स्वीकृति सम्वन्धि आशयको सूचना**

सूचना प्रकाशित मिति : २०७७।०३।२६

यस क्याम्पसबाट मिति २०७७।०३।१६ मा प्रकाशित शिलबन्दी दरभाऊपत्र आह्वानको सूचना अनुसार निम्न कार्यको लागि दर्ता हुन आएका शिलबन्दी दरभाऊपत्रहरुमध्ये सारभूत रुपमा प्रभावग्राही रही न्युनतम मूल्याकिंत देहायको दरभाऊ पत्र दाताले पेश गरेको दरभाउपत्र सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४० को उपदफा ५ बमोजिम स्वीकृत योग्य रहेकोले सोको प्रयोजनार्थ सम्वन्धित सवै दरभाऊपत्रदाताको जानकारीका लागि यो ३ दिने सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | कार्यको विवरण | दरभाऊ पत्रदाताको नाम | कबोल अंक मुअकसहित |
|---|---|---|---|
| १ | कम्प्युटर खरिद सम्बन्धि | Network Solution, Biratnagar | ५,२०,०००।०० |

क्याम्पस प्रमुख



सस्तो, सुलभ दरमा गिट्टी, बालुवा, इँटा लगायत निर्माण सामग्री चाहिएमा

**दीक्षा ढुवानी सेवा** | विराटनगर-५

मो. ९८४२४००८५०, ९८०३६८६५२९



**खुसीको खबर**

**नेपालको इतिहासमा पहिलो ब्रह्माण्ड शास्त्री तथा विख्यात तान्त्रिक ज्योतिष रमेशप्रसाद अधिकारीद्वारा विना चिना टिप्पणी आँखा, हस्त रेखा र फोटोबाट भूत, वर्तमान र भविष्यको ग्यारेन्टीका साथ फलादेश गरिन्छ।**

'गयो जमाना चिनाको, आयो जमाना आँखाको'

अष्ट्रेलियाको भिषा काउनसिलिङ पनि ग्यारेन्टीका साथ गरिन्छ।

**एष्ट्रो नेपाल प्रा. लि.**

पोखरिया भट्टाचोक, विराटनगर

फोन: ९८१२३३७०५२



सबै प्रकारका **रोजगारीको अवसर**

**जागिर** खान चाहनुहुन्छ ? सम्पर्क गर्नुहोस्

**कर्मचारी** चाहियो ? हामीलाई सम्पर्क गर्नुहोस्

बेरोजगारलाई रोजगारीको अवसर र गरिरहेकालाई अझ राम्रो रोजगारीको अवसर

आफ्नो बायोडाटासहित रोजगारीको लागि सम्पर्क गर्नुहोस्

९८५२०२८९६४ नमस्कार होटल दक्षिण

- के तपाई बेरोजगार हुनुहुन्छ ?
- वा भइरहेको भन्दा राम्रो रोजगारी चाहनु हुन्छ ?
- यदि त्यसो हो भने तपाईंको आफ्नो सम्पूर्ण विवरण (नाम, ठेगाना, सम्पर्क नं., योग्यता, अनुभव, तालिम, रुची, फोटो)सहित हामीलाई पठाउनुहोस्। हामी तपाईलाई रोजगारीको लागि सम्पर्क गर्नेछौं।
- होम केयरको लागि कर्मचारी चाहिएमा हामीलाई सम्झनुहोस्।
- चाइल्ड केयरको लागि कर्मचारी चाहिएकोमा हामीलाई सम्पर्क गर्नुहोस्।
- साथै फुलबारी गार्डेनको लागि कर्मचारी चाहिएमा हामीलाई सम्झनुहोस्।
- हामी तपाईंहरुलाई ग्यारेन्टीका साथ विश्वासिलो कर्मचारी उपलब्ध गराउने छौं।

**सप्तकोशी Job Center Pvt.Ltd.**

सरस्वती ओझा (सञ्चालक)　　विराटनगर-९, ट्राफिक चोक

A trusted jobplacement company

9852028964, 021-532430

Email: saptakoshijobcenter@gmail.com



**सुन्दरहरैंचा नगरपालिका**

नगर कार्यपालिकाको कार्यालय

विराटचौक, मोरङ

१ नं. प्रदेश, नेपाल

**चमेना गृह सञ्चालन गर्ने सम्बन्धि सुन्दरहरैंचा नगरपालिकाको सूचना**

प्रथम पटक प्रकाशित मिति : २०७७/०३/२६

यस सुन्दरहरैंचा नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको कम्पाउण्ड भित्र रहेको तल्लो तल्लाको भवनमा चमेना गृह (क्यान्टिन) सञ्चालन गर्न इच्छुक संस्था, फर्म तथा व्यवसायीहरुका लागि शिलबन्दी दरभाउ पेश गर्ने सम्बन्धी १५ (पन्ध्र) दिने सूचना प्रकाशित गरिएको छ।

शर्तहरु :

१. यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र रु १०००।- (अक्षरुपी एक हजार मात्र) दस्तुर फिर्ता नहुने गरी तिरी कार्यालय समय भित्र दरभाउ पत्र खरिद गर्न सकिनेछ।
२. दरभाउ पत्र नियमानुसार सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १२:०० बजे भित्र यस नगर कार्यपालिकाको कार्यालयमा दर्ता गरि सक्नु पर्नेछ। यसरी दर्ता हुन आएका दरभाउपत्रहरु दिनको २ बजे खोलिनेछ।
३. दरभाउ पत्र बन्दीखाम बाहिर दरभाउ पेश कर्ताको नाम, ठेगाना, सम्पर्क नं. स्पष्टसँग उल्लेख गर्नुपर्ने छ। साथै दरभाउ पत्र भित्र निम्न कागजातहरु समावेश गर्नु पर्नेछ।
   - सञ्चालकको नेपाली नागरिकताको प्रमाणपत्र।
   - भ्याट/पानमा दर्ता भएको प्रमाणपत्र।
   - व्यवसाय दर्ता प्रमाणपत्र।
   - आ.ब. २०७५/०७६ को कर चुक्ताको प्रमाणपत्र।
   - कार्यालयबाट खरिद गरिएको दरभाउ पेश गर्ने फारम रितपूर्वक भरि सहि छाप लगाएको हुनु पर्नेछ।
४. क्यान्टिन सञ्चालनका लागि न्यूनतम मासिक रु ५०००।- (पाँच हजार) घरभाडा कायम गरिएको छ। कवोल गर्दा आफूले तिर्ने न्यूनतममा नघटाई मासिक भाडा समेत खुलाउनु पर्नेछ।
५. क्यान्टिन भित्र धुम्रपान तथा मदिराजन्य वस्तुहरुको विकि वितरण गर्न पाइने छैन।
६. कार्यालयले तोकेको समयमा मात्र क्यान्टिन सञ्चालन गर्नु पर्नेछ।
७. क्यान्टिन सञ्चालन गरे वापतको विद्युत महशुल तथा खानेपानी महशुल क्यान्टिन सञ्चालकले बुझाउनु पर्नेछ।
८. क्यान्टिन सञ्चालनमा स्थानीयलाई पहिलो प्राथमिकता दिईनेछ।
९. दरभाउपत्र मुल्यांक नगर्दा न्यूनतम खाजा एवम् खानाको दरलाई पहिलो प्राथमिकता र कबोल मासिक भाडादरलाई समेत मुल्यांकनको आधार मानिनेछ।
१०. चमेनागृह सञ्चालनका लागि स्वीकृत भएको फर्म/संस्था तथा व्यवसायीहरु मु.अ.करमा दर्ता नभएको भए सम्झौताको समयमा अनिवार्य मु.अ.करमा दर्ता हुनु पर्नेछ।
११. माथि उल्लेखित बाहेकको हकमा सुन्दरहरैंचा नगर कार्यपालिकाले गरेको निर्णय नै अन्तिम निर्णय हुनेछ।
१२. थप जानकारीका लागि कार्यालय समयभित्र यस कार्यालयमा वा कार्यालयको टेलिफोन नं. ०२१-५४५८२२ मा सम्पर्क गर्न सकिनेछ।

प्रमुख प्रशासकीय अधिकृत